# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष १० | अंक ११ | मासिक | कात्तिक/मंसिर | November 2007


- *खाद्यवस्तुमा मिसावट*
  **उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड** — सलोजा दाहाल
- *कहाँ छन् नारी-पुरुष बराबरी ?*
  **ज्यालामा पनि महिला नै ठगिन्छन्** — टीका विष्ट
- *केराखेतीले उकास्यो जीवनस्तर*
  ***खाँचो बजार व्यवस्थापनको*** — रेनु कार्की/गोमा खरेल
- *जबर्जस्ती तानेरै विवाह !*
  **जात्रा जाँदा स्वास्नी भइएला कि भन्ने डर** — लोचना शर्मा
- *सीपले बदल्यो दलित महिलाको जीवनशैली*
  **घुम्टो उघारेर समाजसेवामा** — सुलोचना कार्की
- *बढ्दैछन् महिला 'गाइड'*
  **पर्यटकको रोजाइमा पनि महिला नै अगाडि** — बसन्ती बास्तोला
- घरेलु बालश्रमिकका पीडा उस्तै
  **कानुन छ कार्यान्वयन छैन** — सुमित्रा अन्जान राई




## सञ्चारिका समूह/नेपाल

# खाद्यवस्तुमा मिसावट

*पैसा तिरेपछि शुद्ध, ताजा र स्वस्थ खानेकुरा खान पाउनु उपभोक्ताको अधिकार हो । तर, त्यस्तो अवसर कहाँ मिल्नु ? अरू त अरू दैनिक उपभोग्य सागसब्जी तथा तरकारीमा पनि अखाद्य वस्तुको प्रयोग बढेको छ । सम्बन्धित पक्षको बेवास्ता, अनुगमनको कमी र व्यापारीको नाफामुखी सोचले उपभोक्ता अखाद्य वस्तुको प्रयोगले रोगको सिकार बनिरहेका छन् ।*

**✍ सलोजा दाहाल**

**मोरङ/** विराटनगरकी राधा अधिकारीले बजारबाट ल्याएको हरियो परवल भिजाउनेबित्तिकै हरियो रङ्ग निस्कियो । एकछिन त उनी आश्चर्यचकित बनिन् । पिचराकी ज्योति शर्माले पनि आफूले ल्याएको केराउको कोसाबाट पनि हरियो रङ्ग निस्केको बताइन् । शर्माले भनिन्, 'बजारबाट ताजा र हरियो भनेर ल्याएँ । तर, पानीमा हालेपछि मात्र थाहा पाएँ, केराउमा त हरियो रङ्ग हालिएको रहेछ ।'

दैनिक उपभोग्य खाद्यवस्तुमा हुने रासायनिक मिसावटले उनीहरू हैरान छन् । विराटनगरकी समा पोखरेल भन्छिन्, 'हरियो तरकारीबाट मात्र होइन कालो दाल पखाल्दा पनि रङ्ग आउने गर्छ ।'

स्थानीय स्तरमा उत्पादन गरिएको तरकारीदेखि अन्तर्राष्ट्रिय स्तरबाट भित्र्याइएका खाद्यपदार्थमा समेत अखाद्य पदार्थ र रङ्ग मिसाइएको पाइन थालेको छ । अखाद्य पदार्थ प्रायः विषाक्त हुन्छ । तर, त्यसको हेक्का नगरी व्यवसायीले फलफूल, तरकारीलाई ताजा, आकर्षक र लोभलाग्दो देखाउन अखाद्य पदार्थ मिसावट गर्ने गरेका छन् । रासायनिक वातावरणविद् रामचन्द्र अधिकारीका अनुसार परवल र केराउमा मालाचाइट ग्रिन नामक रसायन मिसाएर हरियो बनाइन्छ । घरेलु रूपमा उत्पादन गरिने बिस्कुट, पाउरोटी र मिठाइमा हाइड्रो नामक रसायन मिसाएर सफा देखाइन्छ । केरा र आँपमा कार्बाइड राखेर पकाइन्छ । टमाटर चिल्लो देखाउन मेटासिडको झोलमा डुबाइन्छ । कालो दालमा मेकामाइन 'बी' मिसाइन्छ । खोर्सानीको धूलोमा चम्पाइन रङ्ग मिसाइन्छ । मसलाको धूलोमा काठको धूलो, मरिचमा मेवाको दाना र बेसारमा पिठो मिसाइन्छ ।

विराटनगरका तरकारी व्यापारीको समूह सब्जीमण्डी तथा गुद्रीबजार व्यवस्थापन समितिका सचिव शाहव अहमद (गुद्धु) का अनुसार बन्दाकोभीलाई ठूलो फुलाउनका लागि बेकिङ सोलुसन नामक सुई लगाइन्छ । यो सुई लगाएपछि ठूलो देखिनुको साथै

*घरेलु रूपमा उत्पादन गरिने बिस्कुट, पाउरोटी र मिठाइमा हाइड्रो नामक रसायन मिसाएर सफा देखाइन्छ । केरा र आँपमा कार्बाइड राखेर पकाइन्छ । टमाटर चिल्लो देखाउन मेटासिडको झोलमा डुबाइन्छ । कालो दालमा मेकामाइन 'बी' मिसाइन्छ । खोर्सानीको धूलोमा चम्पाइन रङ्ग मिसाइन्छ । मसलाको धूलोमा काठको धूलो, मरिचमा मेवाको दाना र बेसारमा पिठो मिसाइन्छ ।*

बन्दाकोभी लामो समयसम्म ताजै देखिन्छ । स्वास्थ्यविज्ञहरूका अनुसार परवल र मटर हरियो बनाउनका लागि प्रयोग गरिने मालाचाइट ग्रिन नामक विषाक्त रङ्गले मानिसको स्मरणशक्ति घटाउँछ । त्यसबाट क्यान्सर हुने सम्भावना धेरै हुन्छ । आँप र केरा पकाउन प्रयोग गरिने कार्बाइडले मुटु र श्वास-प्रश्वासमा समस्या देखापर्छ । त्यस्तै शरीरमा कार्बाइडको मात्रा बढी भएमा शरीरको जोर्नीसम्बन्धी समस्या हुन्छ । बिस्कुट र पाउरोटी सफा देखाउनका लागि दूधको बदलामा मिसाइने हाइड्रो नामक केमिकल एक किसिमको अम्लीय पदार्थ (एसिड) हो । यसको प्रयोगले हाडजोर्नीसम्बन्धी समस्या हुनुको साथै मधुमेहको लक्षण देखापर्छ ।

*मोरङ जिल्ला प्रशासन कार्यालयमा दुई वर्षयता मिसावटसम्बन्धी ३९ मुद्दा परेका छन् । तीमध्ये अधिकांश मुद्दा पाँच सयदेखि एक हजारसम्म जरिवाना तिराएर मिलाइएका छन् । यसरी परेका अधिकांश मुद्दा मसलामा मिसावट भएको भनेर परेका थिए । रासायनिक मिसावटसम्बन्धी भने एउटै पनि मुद्दा परेको छैन ।*

बजारमा पाइने बुनियाँ, पेडा, लड्डु तथा अन्य मिठाई राम्रो देखाउनका लागि चम्पाइन रङ्ग मिसाइन्छ । यो रङ्गको बाहिरै अखाद्य पदार्थ लेखिए पनि व्यापारीले लुकाइछिपाइ प्रयोग गर्ने गरेका छन् । यसरी चम्पाइन रङ्ग मिसाइएको कुनै पनि खाना खाँदा मृगौलामा असर पर्छ । यसकै कारण मृगौला खराब हुने सम्भावना अत्यधिक हुन्छ ।

बजारमा मिठाई उत्पादकले गुलियो बनाउनका लागि स्याकारिन (आर्टिफिसिएल सुगर) रसायनको प्रयोग गर्ने गरेका छन् । प्रतिकिलोग्राम अढाई सय पर्ने स्याकारिनको धूलोले एक क्विन्टल चिनीको काम गर्छ । स्याकारिन व्यापारीले चिसो पदार्थहरू बरफ, आइसस्क्रिम, जुसमा लुकाइछिपाइ प्रयोग गरे पनि अहिले मिठाईमा पनि प्रयोग गर्ने गरेका छन् ।

आयुर्वेद डा. भुवनकुमारका अनुसार खानेकुरामा प्रयोग गरिने रसायनले मृगौला र मुटुमा असर पार्ने र मधुमेह तथा रक्तचापसम्बन्धी रोगहरू देखापर्छन् । विराटनगरका खाद्य अनुसन्धान अधिकृत तारा निरौला दाबी गर्छन्, 'बजार अनुगमन नगरिए पनि अखाद्य पदार्थ बिक्री-वितरणमा नियन्त्रण भएको छ ।' अनुगमन नै नगरी नियन्त्रण भएको कसरी थाहा भयो त्यसको जवाफचाहिँ निरौलासँग छैन । अधिकृत निरौलाले अखाद्य पदार्थमा नियन्त्रण आएको बताए पनि केही मिठाई व्यापारी चिनीको साटो स्याकारिनको प्रयोग गर्ने गरेको स्वीकार्छन् । एक व्यापारीले पसलमा देखिने गरी खाद्य रङ्गको मात्र प्रयोग गरिएको भनेर लेखे पनि मिठाईको प्रयोग बढी हुने चाडबाडको बेला चिनीको अभावमा स्याकारिनको प्रयोग हुने बताए ।

त्यस्तै दालमोठ भुजियामा मिसाइने खेसरीको दालले पथरी तथा पक्षघात हुने सम्भावना हुन्छ । बन्दाकोभीमा लगाइने बेकिङ सोलुसन नामक रसायनिक पदार्थले शरीरमा अम्लीयपना बढाउँछ । नेपालकै दोस्रो ठूलो सहर विराटनगर उपमहानगरपालिकाका बजारमा यस्ता मिसावटयुक्त अखाद्य पदार्थ खुल्लमखुला रूपमा देखिएका छन् । यो समस्या देशभरि नै छ ।

'खुल्लमखुला अखाद्य वस्तु मिसाइँदा पनि सरकार केही गर्दैन,' दुःख पोख्दै विराटनगर शान्तिचोक निवासी गुणराज कोइराला भन्छन्, 'यसलाई नियन्त्रण गर्न आमउपभोक्ता नै सचेत हुनु जरुरी छ ।'

उनका अनुसार उपभोक्ता र सम्बन्धित निकायले प्रभावकारी अनुगमन गरेर दोषीलाई कारबाही गरे मात्रै समस्या केही हदसम्म नियन्त्रण हुन्छ ।

नियममा उपमहानगरपालिकाले बजार अनुगमन गरेर खाद्य परीक्षण गर्नुपर्ने रहे पनि व्यवहारमा लागू हुन सकेको छैन । उपमहानगरपालिका खाद्य परीक्षण विभागका किरण न्यौपाने बजारमा प्रभावकारी रूपमा अनुगमन गर्न नसकिएको स्वीकार्नुहुन्छ । उहाँका अनुसार प्रयोगशाला र उपयुक्त उपकरणको अभावमा परीक्षण गर्न सकिएको छैन । बजार अनुगमनपछि शङ्का लागेको खाद्यपदार्थ ल्याबमा राखेर परीक्षण गर्नुपर्ने भए पनि ११ महिनादेखि विराटनगर उपमहानगरपालिकामा रहेको एउटा मात्र खाद्य परीक्षण ल्याब बन्द रहेको छ । त्यस्तैगरी अन्तर्राष्ट्रियस्तरबाट नेपाल भित्र्याइएका सामानको परीक्षण क्षेत्रीय खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गर्नुपर्ने व्यवस्था छ । क्षेत्रीय कार्यालयले पनि साधनको अभाव भनेर आफ्नो लक्ष्यअनुरूपको मात्र कार्य गर्ने भन्दै वार्षिक रूपमा ७५० नमुनाको मात्र परीक्षण गर्ने गरेको छ ।

गुण नियन्त्रण कार्यालयका शाखा अधिकृत रत्नकुमार झाका अनुसार खाद्य ऐन कार्यान्वयनमा ध्यान नदिएकोले पनि गुण नियन्त्रण हुन नसकेको हो । यसरी विषाक्त पदार्थ मिसाएर खाद्यसामग्री खुल्ला रूपमा बजारमा बेचिरहेको भए पनि सम्बन्धित निकायमा मिसावटसम्बन्धीका केही मुद्दा मात्र परेका छन् ।

मोरङ जिल्ला प्रशासन कार्यालयमा दुई वर्षयता मिसावटसम्बन्धी ३९ मुद्दा परेका छन् । तीमध्ये अधिकांश मुद्दा पाँच सयदेखि एक हजारसम्म जरिवाना तिराएर मिलाइएका छन् । यसरी परेका अधिकांश मुद्दा मसलामा मिसावट भएको भनेर परेका थिए । रासायनिक मिसावटसम्बन्धी भने एउटै पनि मुद्दा परेको छैन ।

मसला उद्योगविरुद्ध परेका मुद्दाप्रति कार्यालयले कुनै चासो देखाएको छैन । यसरी आमउपभोक्ताको जिन्दगीमाथि नै खेलवाड गर्नेमाथि कारबाही गर्न सम्बन्धित निकाय किन हिचकिचाउँछ ? खाद्य ऐन, २०२३ मा दूषित खाद्यपदार्थ बनाई बेचबिखन गर्नेलाई १ देखि २ हजार रुपैयाँ तथा ६ महिनादेखि १ वर्ष कैद वा दुवै सजाय हुन सक्ने प्रावधान छ ।

उपभोक्ता हित संरक्षण मञ्चका महासचिव ज्योति बानियाँ खाद्य पदार्थमा अखाद्य वस्तु मिसावट भएको जानकारी उपभोक्ताले दिए त्यसलाई कानुनी उपचार

गर्न सकिने बताउँछन् । तर, उनी यस्ता उजुरी कतैबाट नआउने बताउँछन् । उनी उपभोक्ता हित संरक्षण मञ्चको ५४ जिल्लामा शाखा रहे पनि उपभोक्ता यस्ता मुद्दा दिएर नआएकाले कारबाही गर्न नसकिएको बताउँछन् । उनी हरेक जिल्ला प्रशासन कार्यालयमा एक खाद्य निरीक्षक नियुक्त गरिएको भए तापनि खाद्य मिसावटमा कमी आउन नसकेको स्वीकार गर्छन् ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# कहाँ छन् नारी–पुरुष बराबरी ?

*सरकारले मजदुरको ज्याला निर्धारण गर्दा महिला-पुरुष भनेर छुट्याएको छैन । यसको अर्थ हो दुवैले समान ज्याला पाउनुपर्छ । तर, साँझबिहानको छाक टार्न ज्यालादारीमा काम गर्ने महिलाले काम एउटै भए पनि पुरुषभन्दा निकै कम ज्याला पाउँछन् । ज्यालामा पनि महिला ठगिएका छन् ।*

**✍ टीका विष्ट**

**रुकुम**/ मैती सुनारका तीन सन्तान छन्। सम्पत्तिको नाममा दुई माना मात्र बिउ लाग्ने जग्गा छ। यति थोरै जग्गाको उब्जनीले परिवारको गुजारा चल्ने कुरै भएन। लोग्ने नभएका कारण छोराछोरीको लालनपालन र घरखर्च चलाउने जिम्मेवारी उनकै थाप्लोमा छ। ज्याला मजदुरीको काम खोजेर जसोतसो बालबच्चा पाल्ने जोहो गरेकी छिन् उनले।

विकट जिल्ला रुकुमको खलङ्गा गाउँ विकास समिति पिपलबोटमा छ उनको ओतलाग्ने घर। बिहान झिसमिसेमै उनी ज्यालादारीको काम खोज्न निस्किन्छिन्, दिनभर हाडछाला घोटेपछि केही कमाइ हुन्छ र त्यसैले बेलुकी घरमा चुल्हो बल्छ। वर्षौंदेखि यसरी नै गुजारा चलेको छ उनको। तर काम गरेअनुसारको ज्याला पाइँदैन। किनभने उनलाई महिला भनेर कम ज्याला दिइन्छ, पुरुषसँग तुलना गर्ने हो भने त आधामात्रै। उनी दुःखेसो सुनाउँछिन्, 'काम बराबर गर्छौं तर हामीलाई ज्याला भने कम छ।'

रुकुमको खलङ्गा बजारमा बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म दैनिक ८ घन्टा काम गरेबापत पुरुषलाई रु. २०० देखि २२५ र महिलालाई बढीमा रु. १६० मात्र ज्याला दिइन्छ। काम दुवैले बराबर गर्छन् तर, ज्यालामा भने ठूलो असमानता छ। भवन निर्माणका काममा महिला र पुरुष दुवैले ढुङ्गा र माटो बोक्ने जस्ता एकैखाले काम गर्छन्। तर, ज्याला दिँदा त्यो समानता हेरिँदैन। दुई छोरा र एक छोरीकी आमा मैती महिला भएकै कारण ज्यालामा भेदभाव भएको गुनासो गर्दै भन्छिन्, 'महिला-पुरुष बराबरी भनेपछि ज्याला पनि बराबर हुनुपर्‍यो। यो कुरा व्यवहारमा किन लागू हुँदैन ? हाम्रो श्रमशोषण भएको छ।'

*खलङ्गाकी कमला खत्रीको पनि २ महिना मात्र खान पुग्ने बारी छ । साँझबिहानको छाक टार्न ज्याला-मजदुरीको काम नखोजी उपाय छैन । तर, दिनभरि मरिमेटेर काम गरे पनि उनी ज्यालामा सधैं ठगिन्छिन् । उनको समस्या पनि मैती सुनारकै जस्तो हो । भन्छिन्, 'काम एउटै हो तर, ज्याला कम दिन्छन् ।'*

खलङ्गाकी कमला खत्रीको २ महिना मात्र खान पुग्ने बारी छ। साँझबिहानको छाक टार्न ज्याला-मजदुरीको काम नखोजी उपाय छैन। तर, दिनभरि मरिमेटेर काम गरे पनि उनी ज्यालामा सधैं ठगिन्छिन्। उनको समस्या पनि मैतीकै जस्तो हो। भन्छिन्, 'काम एउटै हो तर, ज्याला कम दिन्छन्।' महिला ठगिनुको अर्को कारण हो- सरकारले तोकेको न्यूनतम ज्यालाबारे जानकारी नहुनु। जिल्लाका कामदार महिला सरकारले निर्धारण गरेको न्यूनतम ज्यालादरबारे पनि जानकारी नभएको बताउँछन्। आफैं ज्यालाबारे बेखबर रहेका महिलालाई शोषण गर्न निर्माण व्यवसायीलाई पनि सजिलो छ। त्यसैले निर्माण व्यवसायी सरकारले तोकेको ज्यालादर पन्छाएर आफ्नै मनपरी ज्याला दिन्छन्। तर, निर्माण व्यवसायी मनबहादुर केसी आफूले ज्यालामा

*जिल्लामा महिलासम्बन्धी काम गर्ने दर्जनभन्दा बढी सङ्घसंस्था छन् । तर, महिलालाई ज्यालामा गरेको भेदभावको बारेमा कोही अघि सरेर बोल्दैनन् । अखिल नेपाल महिला सङ्घकी केन्द्रीय सदस्य देवी ओली असमान ज्यालाको मूल कारण पुरुष र सामन्तवादी पुरुषप्रधान सोच भएको दाबी गर्छिन् । उनी भन्छिन्, 'जबसम्म सम्पत्तिमा पुरुष हर्ताकर्ता रहिरहन्छन्, तबसम्म महिला श्रम शोषित भई बाँचिरहनुपर्छ ।'*

भेदभाव नगरेको दाबी गर्छन् । उनले पुरुषलाई रु. २०० र महिलालाई रु. १६० ज्याला दिने गरेका छन् । यो असमान भएन र ? उनी भन्छन्, 'चलनचल्तीको यही छ, हामीले पनि त्योभन्दा बढी दिने कुरा भएन नि ।'

सहर-बजारमा भन्दा गाउँघरमा असमान ज्यालाको समस्या अझ बढी छ । सहरमा मजदुर पनि केही सचेत भइसकेका छन् । उनीहरूलाई विभिन्न मजदुर सङ्गठनले साथ दिन्छन् तर गाउँमा त्यो अवस्था छैन । तुलना गरेर हेर्ने हो भने सदरमुकाम र गाउँको ज्यालादरमा आधाको भिन्नता छ । गाउँमा महिला-पुरुष दुवै सरकारी ज्यालादरभन्दा कममा काम गर्न बाध्य छन्, गाउँमा पुरुषले पनि कमै ज्याला पाउँछन् तर महिलाको त झन् एकदमै कम छ ।

सदरमुकाम खलङ्गादेखि एक दिन लाग्ने गरायलाका शम्भु विष्ट गाउँमा पुरुषलाई रु. १०० र महिलालाई रु.७० ज्याला दिने गरेको बताउँछन् । सरकारको न्यूनतम ज्यालादरलाई यसले खिल्ली उडाएको छ । उनी भन्छन्, 'यहाँको रेट नै यही छ, मैले मात्र बढी दिएर के गर्ने ?' सामाजिक नियम र चलनचल्ती भन्दै उनीहरू श्रमिकको त्यसमा पनि महिला कामदारको शोषण गरिरहेका छन् ।

तर, ज्यालामा समेत शोषणको सिकार भएका महिलाका पक्षमा बोलिदिने कोही छैन । जिल्लामा महिलासम्बन्धी काम गर्ने दर्जनभन्दा बढी सङ्घसंस्था छन् । तर, महिलालाई ज्यालामा गरेको भेदभावको बारेमा कोही अघि सरेर बोल्दैनन् । अखिल नेपाल महिला सङ्घकी केन्द्रीय सदस्य देवी ओली असमान ज्यालाको मूल कारण पुरुष र सामन्तवादी पुरुषप्रधान सोच भएको दाबी गर्छिन् । उनी भन्छिन्, 'जबसम्म सम्पत्तिमा पुरुष हर्ताकर्ता रहिरहन्छन्, तबसम्म महिला श्रम शोषित भई बाँचिरहनुपर्छ ।' तर, जिल्लामा भइरहेको यो शोषणबारे उनी पनि कुनै कुरा उठाउँदिनन् ।

समान ज्यालाका लागि पुरुषले महिलालाई हेर्ने दृष्टिकोण बदल्नु जरुरी छ । त्यसका लागि दलको नेतृत्व चनाखो बन्नैपर्छ जुन अहिलेसम्म हुन सकेको छैन ।

जिल्ला विकास समिति रुकुमले जिल्लाभित्र काम गर्ने मिस्त्रीहरूका लागि रु. २७५ र ज्यामीलाई रु. १७५ ज्यालादर निर्धारण गरेको छ । यसमा महिला र पुरुष भनेर छुट्याइएको छैन । जिविसका इन्जिनियर राजु आचार्य भन्छन्, 'हामीले निर्धारण गरेको ज्यालादरमा महिला-पुरुष भेदभाव गरेका छैनौं, महिलाले पुरुषबराबर काम गर्न सक्छन् भन्ने हाम्रो मान्यता हो ।'

तर, व्यवहारमा भने जिविसले निर्धारण गरेको यही ज्यालादरको खिल्ली उडाउने काम भएको छ, महिलाहरू ठगिएकै छन् । स्थानीय विकास अधिकारी विष्णुहरि पौडेल जनचेतनाको कमीले ज्यालामा असमानता भएको बताउँछन् । 'त्यस्तो भए पीडित महिलाले आवाज उठाउनुपर्छ, उजुरी गर्नुपर्‍यो । त्यस्तो भेटिएमा हामी कारबाही गरी पीडितलाई न्याय दिलाउन तयार छौं,' उनी भन्छन्, 'तर ज्यालामा विभेद भयो भनेर कसैले उजुरी गर्दैनन्, त्यस्तो भएपछि हामीले पनि केही गर्न मिल्दैन ।' तर, महिलामाथि ज्यालामा विभेद भएको चर्चा बारम्बार भइरहन्छ, त्यसमा स्थानीय निकाय नै चासो देखाउँदैनन् ।

१६ वर्षमुनिकालाई रु. १०० र त्यसमाथिकालाई आठ घन्टा काम गरेबापत दैनिक रु. १२५ ज्याला तोकिएको छ । तर, व्यवहारमा लागू भएको छैन । नियमविपरीत यस्तो काम भएको भए उजुरीका आधारमा कारबाही र पीडितमाथि न्याय दिलाउन सकिने श्रम कार्यालय नेपालगन्जका प्रमुख रामचन्द्र पौडेल बताउँछन् । तर, त्यस्तो उजुरी अहिलेसम्म नआएको बताउँदै उनी भन्छन्, 'अन्याय परेको छ भने उजुरी हाल्नुपर्‍यो, काम गर्दा सम्झौतापत्र र पैसा बुझेको रसिद लिनुपर्‍यो, त्यसो भयो भने हामीलाई पनि कारबाही अघि बढाउन सजिलो हुन्छ ।' तर, ज्यालादारीमा काम गर्नेसँग केको सम्झौतापत्र र रसिद होस् ? बरु सरकारका निकायहरू ज्यालामा भइरहेको विभेद अन्त्यका लागि अलि बढी नै चिन्तित बन्नुपर्‍यो र सबै ठाउँमा कानुन मात्रै हेर्नुभएन ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# केराखेतीले उकास्यो जीवनस्तर

*व्यावसायिक केराखेती सुरु गरेर महेन्द्रनगरका किसानले आफ्नो मात्रै होइन, समुदायकै जीवनशैली बदलेका छन् । पहिलेको खेती र अहिलेको केराखेतीको तुलना गर्दा आम्दानी कैयौं गुना बढेको छ । तर, उत्पादनअनुसार त्यसको खपतका लागि बजार नहुँदा उनीहरूलाई सधैं पिरोल्ने गर्छ ।*

**✍ रेनु कार्की/गोमा खरेल**

**कञ्चनपुर**/ सिंचाइ नभएको बलौटे जमिन, एउटै सिजन वर्षातमा मात्र धानबाली लगाउन सकिने, अरू बेला जमिन बाँझै । सिंचाइ नभएकाले धान पनि सोचेजस्तो नफल्ने । डेढ बिघा जमिनमा धान लगाउँदा वर्षभरिमा मुस्किलले रु. १० हजारजति मात्रै आम्दानी हुन्थ्यो । तर, अहिले त्यही जग्गाबाट मनग्गे आम्दानी हुन थालेको छ । कारण त्यहाँ वर्षभरि एउटै धानबालीको आस गरिँदैन, उन्नत जातको केराखेती गरिएको छ । महेन्द्रनगर तिल्केनी घाडीघाँचका मानबहादुर कार्कीले त्यही जग्गामा केराखेती गरेर नसोचेको फाइदा लिएका छन् । भन्छन्, 'पहिलेभन्दा चार-पाँच गुना आम्दानी बढेको छ अहिले ।'

सिंचाइ नभएको जमिनमा धानखेती गरेर वर्षभरि पुर्पुरोमा हात राखेर बस्नुभन्दा केराखेती गर्नु नै ठीक ठानेर तिल्केनीकै गजबहादुर धामीले त्यही खेती सुरु गरेका छन् । नभन्दै उनले सोचेजस्तै भयो, वर्षभरि पहिले जति आम्दानी हुन्थ्यो अहिले त्यसको कैयौं गुना बढी हुन्छ । कति फरक भएछ त धान र केराको उत्पादनले ? गजबहादुर भन्छन्, 'धान लगाउँदा खान मात्र पुग्थ्यो, केराखेती गरेपछि तीन वर्षमा केरा बेचेको पैसाले मोटरसाइकल किनेको छु । वर्षमा रु. १ लाखसम्म बचत गर्न सकिन्छ ।' यति मज्जाको आम्दानी हुन थालेपछि केराखेती गर्ने जाँगर पनि किन नचलोस् ?

पुरानो खेती छोडेर केराखेती सुरु गर्दा उत्पादन र आम्दानी नसोचेकै भएपछि अब केराखेतीमा लाग्ने मानबहादुर र गजबहादुरमात्रै छैनन् । तिल्केनी र जिमुवा क्षेत्रका धेरैजसो किसानको पहिलो रोजाइ बनेको छ केराखेती । कञ्चनपुर जिल्ला कृषि विकास कार्यालयले त महेन्द्रनगर नगरपालिकाको तिल्केनी र जिमुवा क्षेत्रलाई केराको पकेट क्षेत्र नै घोषणा गरेको छ । किनभने यहाँका एक सय ५० भन्दा बढी परिवारले सङ्गठित र व्यावसायिक रूपमै केराखेती गरेका छन् । तिनैमध्येका एक हुन् महानन्द कार्की । धान लाउने खेतमा केरा लगाए भातको जोहो कसरी जुटाउने ? भन्ने सोच्थे उनी त्यतिबेला । तर, अहिले सबैलाई केराखेती गर्ने सल्लाह दिँदै हिँड्न थालेका छन् । 'केरा बेचेर चामल किनेर खाँदा पनि घाटा नहुनेरहेछ,' राम्रो

*धानखेती गरेर वर्षभरि पुर्पुरोमा हात राखेर बस्नुभन्दा केराखेती गर्नु नै ठीक ठानेर तिल्केनीका गजबहादुर धामीले त्यही खेती सुरु गरेका छन् । उनी भन्छन्, 'धान लगाउँदा खान मात्र पुग्थ्यो, केराखेती गरेपछि तीन वर्षमा केरा बेचेको पैसाले मोटरसाइकल किनेको छु । वर्षमा रु. १ लाखसम्म बचत गर्न सकिन्छ ।'*

आम्दानीको सम्भावना देखाउँदै उनी भन्छन्, 'थोरै जमिनमा छोटो समयमै राम्रो फाइदा लिन सकिन्छ, पाँच कट्ठामा लगाएको केरा बेचेर खर्च कटाउँदा पनि रु. ३५ हजारसम्म बचत गर्छु ।' केराखेती फाइदामा गएपछि कार्कीले अहिले घरमा गोबरग्याँस प्लान्ट राखेका छन्, घरमा कोठाहरू थपेर छोराछोरीलाई बोर्डिङ स्कुलमा पढाएका छन् । केराखेतीका लागि खर्च कम हुने र मेहनत नै गर्न नपर्ने त होइन, तर मेहनतअनुसार राम्रो फाइदा हुने भएपछि यो धेरैको आकर्षण बन्न पुग्यो । उत्साहित कृषकका मुखबाट सुन्न पाइन्छ, 'दुःख होस् तर फल राम्रो पाइयोस् ।'

जिल्ला कृषि विकास कार्यालयले तीनवर्षे बाली विविधिकरण कार्यक्रम लागू गरी केराखेतीका लागि पकेट क्षेत्र पहिचान गरेपछि यहाँ व्यावसायिक रूपमै केराखेती सुरु गरियो र राम्रो फाइदा हुन थालेपछि कृषक आफैं केराखेतीमा आकर्षित हुन थाले । सिंचाइ सुविधा नभएको जिल्लाको दक्षिणी भेगमा पनि अहिले नेपाल पर्यावरण तथा शिक्षा विकास समाजले विपन्नहरूका लागि समूहमार्फत केराखेती सुरु गरेको छ । कृषि विकास कार्यालयले सुरुको वर्ष ५० प्रतिशत

*केराखेतीबाट आफ्नो र समुदायकै आर्थिकस्तर उकास्न सफल किसानले सरकारबाट उचित सहयोग भने पाएका छैनन् । ३ वर्षे बाली विविधिकरण कार्यक्रमले पकेट क्षेत्रको पहिचान गऱ्यो । तर, कार्यक्रम सकिएपछि कृषि विकास कार्यालयबाट सहयोग नपाएको गुनासो पनि किसानको छ ।*

अनुदान, प्राविधिक सहयोग, विषादी तथा सिंचाइ इन्धनसमेत सहयोग गऱ्यो। सुरुमा ४० हेक्टरमा केराखेती सुरु गरिए पनि अहिले कति जग्गामा केराखेती हुन्छ भन्ने यकिन विवरण छैन। मेहनत बढी गर्नुपर्ने, वर्षमा कम्तीमा दुईपटक गोडमेल र समय-समयमा सिंचाइ गरिराख्नुपर्छ। 'त्यति गर्न सक्यो भने सोचेकै आम्दानी लिन सकिन्छ,' तिल्केनीकै चन्द्रबहादुर चन्द भन्छन् ।

तर, केराखेतीबाट आफ्नो र समुदायकै आर्थिकस्तर उकास्न सफल किसानले सरकारबाट उचित सहयोग भने पाएका छैनन्। ३ वर्षे बाली विविधिकरण कार्यक्रमले पकेट क्षेत्रको पहिचान गऱ्यो। तर, कार्यक्रम सकिएपछि कृषि विकास कार्यालयबाट सहयोग नपाएको गुनासो पनि किसानको छ। उनीहरू सुरुमा उक्साए पनि त्यसपछि सहयोग नगर्ने राज्यको रवैयाले कृषक मर्कामा परेको दुःखेसो गर्छन्। प्रेम साउद भन्छन्, 'हामी धेरै नपढेका किसान हौं, हरेक कुरा हामीलाई थाहा हुँदैन, रोग र कीरा नियन्त्रणमा पनि उतिसाह्रो ज्ञान छैन, यस्तो बेला कृषि कार्यालयले सहयोग गर्नुपर्छ।' कृषि विकास कार्यालयले सहयोग नगर्दा रोग-कीरा नियन्त्रण गर्न भारतबाट औषधि ल्याउनुपर्ने बाध्यता रहेको छ। भारतबाट हचुवाको भरमा ल्याइने कीटनासक औषधिले बालीमा हानिसमेत पुऱ्याउने गरेको उनले बताए। तर, कार्यालय भने कृषकलाई आवश्यक सबै सहयोग दिइएको दाबी गर्छ। प्राविधिक सहायक गंगादत्त भट्ट भन्छन्, 'हामीले समूहमार्फत आउने कृषकलाई भ्याएसम्म प्राविधिक, विषादीलगायतका सहयोग दिएका छौं।'

उत्पादन र आम्दानी राम्रो भए पनि केरा उत्पादक कृषकले बजारको समस्या पनि उत्तिकै भोगिरहेका छन्। पहिले थोरै उत्पादन थियो। बजारको अभाव पनि थिएन। धेरै मान्छेले केराखेती गर्न थालेपछि भने खपत हुने बजारको अभाव देखिन थालेको छ। नियमित रूपमा महेन्द्रनगर, ब्रह्मदेव, बेल्डाँडी, बेलौरी, झलारी, पुनर्वासजस्ता स्थानीय बजारमा केरा खपत हुने गरे पनि भारतबाट आउने सस्तो मूल्यको केराले स्थानीय उत्पादनलाई पछि पारिदिन्छ। कतिपय भारतीय व्यापारी यहीँबाटै काँचो केरा थोकमा लैजान्छन् र पकाएर बिक्री गर्न नेपालमै आउँछन्। गुणस्तरका हिसाबले पनि भारतीयभन्दा नेपाली केरा धेरै राम्रो छ। तर, पनि तुलनात्मक रूपले नेपाली केराले राम्रो बजार पाउन सकेको छैन।

उचित बजारको व्यवस्था गरिदिने काम राज्य र उसका निकायको हो। तर यतापट्टि कसैको ध्यान पुग्न सकेको छैन। लामो समयदेखि महेन्द्रनगरमा केराको थोक व्यापार गर्दै आएका सञ्जय गुप्ता बजार व्यवस्थित गर्न नसकिएको बताउँछन्। भन्छन्, 'सिजनमा म एक्लै पाँच लाखसम्मको केरा बिक्री गर्छु। तर, कृषकले केरा बेच्न ल्याउने एउटा निश्चित ठाउँको व्यवस्था हुनुपर्छ।' पक्कै पनि अहिले कञ्चनपुरका कृषकमा केराखेतीप्रतिको जुन आकर्षण र खेतीबाट बदलिएको जीवनशैली छ, त्यसलाई कायमै राखिराख्न केराको उचित बजारको खोजी गर्नैपर्छ। कृषिमा ठूलो धनराशि खर्च गरिरहेका सरकारी निकायले यसमा ध्यान पुऱ्याउने कि ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# जबर्जस्ती तानेरै विवाह □

*नेपाली समाजमा अब केटा र केटीको आपसी सहमतिबेगर बिहे सम्भव छैन । तर, यहाँ एउटा यस्तो समुदाय पनि छ जहाँ केटालाई कुनै केटी मनपऱ्यो भने जबर्जस्ती तानेर स्वास्नी बनाइन्छ र केटीले नाइँनास्ती गर्नै पाउँदैनन् । परम्पराका नाममा महिलामाथि हुने यो ज्यादतीको विरोधमा त्यही समुदायका महिला जुर्मुराउन थालेका छन् ।*

✍ **लोचना शर्मा**

**झापा**/ साहिँली मुर्मु भर्खर १७ वर्षकी थिइन् । झन्डै १८ वर्षअघिको कुरा हो यो । कामविशेषले भारतीय सीमावर्ती बजार गलगलिया पुगेकी थिइन् उनी । झापाको धरमपुरका चुनिया मुर्मुले 'मनपऱ्यो' भन्दै जबर्जस्ती तानेर घर लगे । र, श्रीमती बनाए । साहिँलीले कुनै प्रतिवाद गर्नै पाइनन् । डाको छोडेर रोए पनि केही लागेन, खुरुखुरु चुनियाको श्रीमती भएको स्वीकार गर्नुपऱ्यो । अहिले ३५ वर्ष पुगेकी साहिँलीका तीन छोराछोरी पनि छन् ।

धेरै वर्ष भएको छैन झापा गरामनी बाह्रघरेका रसिन हस्ताले तिनिया बास्केलाई एउटा मेलामा देखेपछि तानेर 'तिमी मेरी श्रीमती भयौ' भन्दै घर भित्र्याएको । त्यसपछि उनी कति रोइन्, कराइन् तर केही लागेन । उनको पुकार पनि कसैले सुनेन । मन पटक्कै नभए पनि उनी रसिनकी श्रीमती भएर बस्न बाध्य भइन् ।

झापाकै अनारमनी विराटपोखराकी निली हस्दा भर्खर ५ कक्षामा पढ्दै थिइन् । तिहारताका खेतको गरामा आमाबुबा र साथीहरूसँग मेला हेर्न पुगिन् उनी । तर, त्यही मेलाले उनको स्कुल जाने रहर र रमाइला दिन सदाका लागि बन्द गराइदियो ।

त्यही मेलामा आएका खालबाढीका पाको उमेरका रिन्टु बास्केले उनलाई तानेर घर लगी स्वास्नी बनाए । बाबुको उमेरको मान्छे भए पनि उनले नाइँनास्ती गर्न पाइनन् ।

नेपाली समाज केही वर्षअघिका कुरा सम्झने हो भने धेरै अघि बढिसक्यो । पश्चिमी संस्कृति यहाँ यति विकसित भइसक्यो कि आमाबाबुले खोजेको राम्रो केटा वा केटीसँग विवाह गर्ने कुरा चल्दा यहाँको युवावर्ग नाक मात्रै खुम्च्याउँदैन ठाडै अस्वीकार गर्छ । आफैंले मन नपराएसम्म त बिहे नै सम्भव छैन अब । तर, नेपालका आदिवासी जाति मानिने सन्थाल जातिमा माथि उल्लेख भएजस्तै कसैलाई मन परेकै भरमा जबर्जस्ती तानेर स्वास्नी बनाउने चलन अझै कायम छ । केटालाई कुनै केटी मनपऱ्यो भने उसले जहाँबाट जहिले पनि जसरी पनि जबर्जस्ती तानेर स्वास्नी बनाउन सक्छ र केटीले त्यसको प्रतिवाद गर्नै पाइँदैन । सुन्दा अचम्म लाग्छ, तर पूर्वी नेपालमा यो चलन उस्तै छ । जातीय परम्परा भन्दै अहिलेसम्म हट्न नसकेको यो चलनले गर्दा धेरै महिलाको जिन्दगी बर्बाद भएको छ ।

> *धेरै वर्ष भएको छैन झापा गरामनी बाह्रघरेका रसिन हस्ताले तिनिया बास्केलाई एउटा मेलामा देखेपछि तानेर 'तिमी मेरी श्रीमती भयौ' भन्दै घर भित्र्याएको । त्यसपछि उनी कति रोइन्, कराइन् तर केही लागेन । उनको पुकार पनि कसैले सुनेन । मन पटक्कै नभए पनि उनी रसिनकी श्रीमती भएर बस्न बाध्य भइन् ।*

कोचाटोला बस्ने रिना बास्के त्यसकै उदाहरण हुन् । भर्खर ४ कक्षा पढ्दै गरेकी उनले त्यही कारण पाँच कक्षामा पुग्न नपाउँदै सधैंका लागि पढाइ छाड्नुपऱ्यो । उनी भन्छिन्, 'यो चलन हाम्रो जातिमा नभइदिएको भए म पनि केही राम्रो काम गर्न सक्थें होला, कक्षामा प्रथम हुने मेरो पढाइ केही काम लागेन ।' अहिले २१ वर्ष पुगेकी रिनालाई त्यतिबेला आफ्नै बाबुआमा र आफन्तले पनि आफ्नो पक्षमा नबोलिदिएकोले पीरमाथि पीर थपियो । बरु उनीहरू सबैले परम्परा बिगार्नुहुन्न भनेर उनलाई नै गाली गरे । समाज र परम्परा नै त्यस्तै भएकाले आफूले मात्रै केही गर्न सक्छु भन्ने लागेन, त्यसैले सबै चुपचाप सहिन् । तर, आफ्नो जिन्दगी बर्बाद भएको ठान्ने रिना हिजोआज आफ्नो जातिका छोरीहरूले पढ्न पाउनुपर्छ र यस्तो चलन रोक्नुपर्छ भन्ने आवाज उठाउन थालेकी छिन् । समाज, परम्परा आफ्नो ठाउँमा भए पनि उनले बिहेपछि पढ्ने प्रयास गरिन् । तर, छोरालाई समेत

*दमकको सरस्वती माविमा १० कक्षामा अध्ययनरत दुनियाँ मुर्मु हिजोआज मेला जानै डराउँछिन् । सबै जातजातिको मेला भएमा साथीसँग ढुक्कले जान्छिन् उनी । तर, आफ्नै जातिको मात्रै मेला भयो भने पहिल्यै तर्सेर जान्नन् । किनभने उनले आफ्नै आमाबाट सिकेकी छिन्, मेला गएकै कारण उनलाई जबर्जस्ती कसैको स्वास्नी बन्ने अवस्था आउन सक्छ । भन्छिन्, 'आमा र दिदीबाट मैले धेरै सिकिसकें, म आफ्नो जिन्दगी बर्बाद पार्न चाहन्न ।'*

पढाउनुपर्छ भन्ने वातावरण नभएको समुदायमा उनले पढ्न पाउने कुरै थिएन । सानैदेखि केही गर्ने चाहना राखेकी रिनालाई घरभित्रै सीमित रहन मन लागेन, परिवारमा सकेजति विद्रोह गरिन् र अहिले उनी एसियाकै दोस्रो ठूलो गार्मेन्ट उद्योग झापा भद्रपुरस्थित मोमेन्टो एपरेल्समा जागिर खान्छिन् । रिना त एउटा अपवादमात्रै हुन्, जबर्जस्ती तानेर बिहे गर्ने चलनको सिकार भएका धेरै महिला अहिले विजोगपूर्ण जीवन बिताउँदैछन्, आफ्नो भाग्यलाई धिक्कार्दै ।

दमकको सरस्वती माविमा १० कक्षामा अध्ययनरत दुनियाँ मुर्मु हिजोआज मेला जानै डराउँछिन् । सबै जातजातिको मेला भएमा साथीसँग ढुक्कले जान्छिन् उनी । तर, आफ्नै जातिको मात्रै मेला भयो भने पहिल्यै तर्सेर जान्नन् । किनभने उनले आफ्नै आमाबाट सिकेकी छिन्, मेला गएकै कारण उनलाई जबर्जस्ती कसैको स्वास्नी बन्ने अवस्था आउन सक्छ । भन्छिन्, 'आमा र दिदीबाट मैले धेरै सिकिसकें, म आफ्नो जिन्दगी बर्बाद पार्न चाहन्न ।' फूलसरी उनकी दिदी हुन् । उनले मन पराएको केटा अर्कै थियो । तर, मेलापात जाँदा उनलाई अर्कै केटाले तानेर स्वास्नी बनायो । उनी भन्छिन्, 'चलनै यस्तो भएपछि के गर्नु, विरोध गरी माइत गएर बसे पनि माइतीले राख्दैनन्, एकचोटि त्यस्तो भएपछि अरू कसैले मागेर विवाह गर्ने सम्भावना पनि हुँदैन, समस्या हामीलाई नै पर्छ, त्यसैले चुपचाप सहेर बस्नुपर्‍यो ।'

चलन नहटे पनि पहिलेको तुलनामा सन्थाल जातिमा यो अवस्था केही कम भएको छ । किनभने धेरैजसो युवा शिक्षित हुँदैछन्, आसपासको समुदायको असर पनि उनीहरूको सोचाइमा पर्न थालेको बुझ्न सकिन्छ । झापा तोपगाछीकी खुदु मुर्मु पनि पछिल्लो समयमा यस्ता घटना अलि कम भएको बताउँछिन् । 'आजभोलि केही उपाय लागेन भने कतिपय ठाउँमा माओवादीलाई भन्दिन्छौं भनेपछि केही हच्किन्छन्,' उनी भन्छिन्, 'अब त हाम्रै जातिका महिलाले पनि यो चलनको विरोधमा आवाज उठाउन थालेका छन् ।'

देशमा केही वर्षयता प्रस्ट देखापरेको राजनीतिक र सामाजिक परिवर्तनले पनि सन्थाल जातिका महिलामा यस्ता ज्यादतीबाट छुटकारा पाइन्छ कि भन्ने आशा पलाएको छ । किनभने अब छोरीलाई पनि उच्चशिक्षासम्म पढाउनुपर्छ भन्ने सोचाइ विकास हुँदै गएको देखिन्छ । छोरीलाई पढाउनुहुन्न भन्ने समुदायकै छोटन टुडु अहिले मदन-आश्रित स्मृति उच्चमाविमा १२ कक्षामा पढ्छिन् । उनी भन्छिन्, 'सानोमा मैले पनि यस्ता घटना देखें, एकदम डर लाग्थ्यो । तर, अहिले लोकतन्त्र आइसक्यो, त्यसैले पहिलेजस्तो नहोला भन्ने आश लाग्छ । केही पर्‍यो भने सके तत्काल नसके कानुनको सहयोग लिएर भए पनि प्रतिवाद गर्न सकिन्छ भन्ने विश्वास पलाएको छ ।'

परम्परा धान्न सन्थाल जातिले यो चलन अपनाए पनि यस्तो चलनको पक्षमा नउभिने पाका मान्छेहरू पनि छन् । शान्तिनगरका ६७ वर्षीय कविराज मुर्मुले ४० वर्षअघि मन पराएकी ताला हेमरमसँग, 'तिमी मसँग विवाह गर्छ्यौ' भनेर सोधे र 'हुन्छ' भन्ने जवाफ आएपछि उनैसँग बिहे गरेका थिए । उनी भन्छन्, 'परम्पराका नाममा यस्ता गलत कुरालाई हामीले मानेनौं ।' तर, कतिपय अवस्थामा यो बाध्यता हुने गरेको उनको भनाइ छ । किनभने विधि पुर्‍याएर धुमधामसँग भोजभतेर गरी बिहे गर्ने हैसियत यो समुदायमा छैन । त्यसैले परम्पराका नाममा उनीहरू यही चलन अपनाउने पनि गर्छन् । 'त्यसका लागि सबैभन्दा पहिले सन्थाल जातिको आर्थिक अवस्था सुध्रनुपर्छ,' उनी भन्छन् । परम्परा धान्ने नाममा होस् या बाध्यताले, निश्चय पनि केटीको इच्छाविपरीत जबर्जस्ती स्वास्नी बनाउने यो चलन कुनै पनि मानेमा सही हुन सक्दैन । त्यसैले यो चलन हटाउन एउटा त सन्थाल जातिको आर्थिक अवस्था सुधार्ने कार्यक्रम सुरु गरिनुपर्छ । दोस्रो परम्पराका आडमा महिलामाथि ज्यादती गरिनुहुन्न भन्ने चेतना पनि यो समुदायमा फैलाउनु जरुरी छ । राज्यका निकाय र 'जनचेतना'का नाममा अर्बौं खर्चिरहेका गैरसरकारी संस्थाले यतापट्टि ध्यान पुर्‍याउन ढिलो भएन र ?

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सीपले बदल्यो दलित महिलाको जीवनशैली

*शिक्षा र सीपले सप्तरीका दलित महिलामा नसोचेकै परिवर्तन ल्याइदिएको छ । हिजोसम्म 'सानो जात' भन्दै हेपिने उनीहरूले अहिले समाजबाट सम्मानमात्रै पाएका छैनन्, आर्थिक अवस्था पनि सुधारेका छन् । समाजले उनीहरूकै भरोसा गर्न थालेको छ अहिले ।*

✍ **सुलोचना कार्की**

सप्तरी/ फत्तेपुरकी कुमारी सदा अहिले गाउँभरकै भरपर्दो महिलामा दरिएकी छिन्। गाउँमा कोही सुत्केरी हुन लाग्यो भने उनकै खोजी हुन्छ। अरू बेला 'सानो जात' भनेर हेप्ने ठूलो जात अर्थात् गैरदलितका मानिस पनि उनैलाई गुहार्न पुग्छन्।

केही महिनाअघिसम्म उनलाई सुरक्षित सुत्केरी गराउने तरिका थाहा थिएन। गोठमा बच्चा जन्माउनेलाई सघाउँथिन्। उनी र उनीजस्ता गाउँका अन्य सुँडेनी धामीझाँक्रीको भ्रममा थिए, खोप नलगाउन र अस्पताल नलैजान सल्लाह दिन्थे। अहिले त्यो धारणा एकाएक बदलिएको छ। उनीहरू अब धामीझाँक्रीको कुरामा विश्वास गर्दैनन्, बरु सुरक्षित सुत्केरीका लागि गर्भवती महिलालाई अस्पताल पुऱ्याउन सल्लाह दिन्छन्। दलित समुदायकी ३८ वर्षीया कुमारी भन्छिन्, 'पहिले थाहा नभएर असुरक्षित सुत्केरी गरायौं। अहिले तालिमले सबैमा चेतना आएको छ। मातृ शिशुबारे धेरै कुरा जान्यौं।' तालिम पाएपछि उनले सफासुग्घर स्थानमा सुरक्षित गर्भपतन गराउन थालेकी छिन्। सुँडेनी बन्नुअघि उनले काठमाडौंको प्रसूतिगृह, पाटन अस्पताल, धरानको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट तालिम लिएकी थिइन्। तालिमप्राप्त सुँडेनी भएपछि उनले एउटा सुत्केरी गराएबापत रु. १,२०० र एकथान साडी पाउँछिन्।

गाउँमा तालिमप्राप्त सुँडेनीको सङ्ख्या बढ्दै गएको छ। उनीहरू सेवासँगै आर्थिक रूपमा पनि सबल बन्न थालेका छन्। गाउँका दलित समुदायका धेरै महिला तालिमप्राप्त सुँडेनी बनेका छन्। पिछडिएका समुदायको उत्थानका लागि यो आसलाग्दो कुरा हो। प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र सप्तरीका अनुसार एक सय २९ जना दलित महिलाले स्वास्थ्यसम्बन्धी तालिम लिएर सुरक्षित मातृत्वको सेवा दिन थालेका छन्।

सुरक्षित प्रसूति सेवामा मात्रै होइन, यहाँका दलित महिलाको चेतनास्तर हरेक कुरामा बदलिँदै गएको पाइन्छ। सम्झादेवी सरदारले घुम्टो उघारेर समाजमा केही गर्नुपर्छ भन्ने चेतना फैलाउन थालेकी छिन्। यति मात्र होइन, घरको काम नगर्ने तर, दिनहुँ रक्सी खाएर

*दलित समुदायकी ३८ वर्षीया कुमारी भन्छिन्, 'पहिले थाहा नभएर असुरक्षित सुत्केरी गरायौं। अहिले तालिमले सबैमा चेतना आएको छ। मातृ शिशुबारे धेरै कुरा जान्यौं।' तालिम पाएपछि उनले सफासुग्घर स्थानमा सुरक्षित गर्भपतन गराउन थालेकी छिन्।*

झैझगडा गर्ने लोग्नेमान्छेलाईसमेत दलित महिलाले तह लगाउन थालेका छन्।

सप्तरी रूपनगरको दलित बस्तीका ३० वर्षीया शान्तिदेवी र ४० वर्षीया सम्झादेवीको आफ्नै जीवन कम दुःखदायी थिएन। स्कुलको मुखै नदेखेका उनीहरूलाई केही महिनाअघि एउटा संस्थाले २४ जनाको समूह बनाएर अनौपचारिक प्रौढ शिक्षा, पोषण, स्वास्थ्य, सरसफाइ, लैङ्गिक समानता, सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्यलगायतका विषयमा परामर्श दिएको थियो। त्यसैबाट उनीहरूको जीवनमा नसोचेकै परिवर्तनको सुरुवात भयो। अहिले उनीहरू आयआर्जनका काममा आफैं लाग्छन्, सामाजिक काममा पनि उत्तिकै सक्रिय छन्। उनीहरूले घरबाहिरका सबै जिम्मेवारी सम्हालेपछि लोग्नेहरू घरधन्दा गर्छन्। शान्तिदेवीका लोग्ने सुखदेव भन्छन्, 'आयआर्जनदेखि सबै काम श्रीमतीले धानेकाले मचाहिँ फुर्सदको बेला भात पकाउने, पानी ओसार्ने, घरधन्दाका सबै काम गर्छु।'

दलित समुदायको आर्थिकस्तर सुधार्न विभिन्न सङ्घसंस्थाले पहल गरेपछि गाउँमा साँच्चै परिवर्तन आएको छ। शिक्षा, स्वास्थ्य, आयआर्जनका विषयमा उनीहरूको चेतनास्तर र सक्रियता बढेको छ। रक्सी खाएर स्वास्नी कुट्ने लोग्नेहरू सतर्क हुन थालेका छन्। फत्तेपुरका ६० वर्षीय जुक्ति मरिक भन्छन्, 'सधैं रक्सी

*फत्तेपुरका ६० वर्षीय जुक्ति मरिक भन्छन्, 'सधैं रक्सी खाएर झगडा गरी श्रीमती कुट्थें, उनले सिकाएपछि मेरो होस खुलेको छ, अहिले उनी अरू काम गर्छिन्, मचाहिँ खेतमा जान्छु ।' रूपनगरका विर्जु सरदार पनि हिजोआज खुसी देखिन्छन् । भन्छन्, 'श्रीमतीले सीपमूलक तालिम सिकेर बचत गर्ने बानी बसाएपछि घरको आयआर्जन बढेको छ ।'*

खाएर झगडा गरी श्रीमती कुट्थें, उनले सिकाएपछि मेरो होस खुलेको छ, अहिले उनी अरू काम गर्छिन्, मचाहिँ खेतमा जान्छु ।' रूपनगरका विर्जु सरदार पनि हिजोआज खुसी देखिन्छन् । भन्छन्, 'श्रीमतीले सीपमूलक तालिम सिकेर बचत गर्ने बानी बसाएपछि घरको आयआर्जन बढेको छ ।'

दलित बस्तीका महिला आफैं मिलेर सामाजिक संस्था चलाउन सक्षम भएका छन् । उनीहरूले गाउँमा दलित महिला जागरण केन्द्र स्थापना गरेका छन् । केन्द्रमा गाउँभरिका दलित महिला भेला भएर जनचेतना जगाउने, बचत गर्न सिकाउने, आर्थिकस्तर सुधार्न अन्य उपायको खोजीसमेत गर्छन् ।

केन्द्रमा मासिक २५ रुपैयाँका दरले सबै महिलाले नियमित रकम जम्मा गर्छन् । त्यसरी जम्मा गरेको रकमबाट मात्रै रु.१७ हजार नाफा भएको छ । केन्द्रले कमजोर आर्थिक अवस्थाका महिलाको जीवनस्तर उकास्न बाख्रा तथा सुंगुर वितरण गर्ने गरेको संस्थाकी अध्यक्ष तिलिया मरिक बताउँछिन् ।

कालो अक्षर भैंसीबराबर भन्ने अनपढ महिला भेलामा सहभागी भई मञ्चमा भाषण सुन्न पाउँदा, ल्याप्चे टाँस्ने हातले बचत गर्दा र बचत झिक्नेबेला आफ्नो नाम सरर्र लेख्न सक्दा अहिले आफैं दङ्ग पर्छन् । दलित समुदायको सेवामा कार्यरत महिला सहजकर्ता रोमा बस्नेत भन्छिन्, 'पहिले उनीहरूलाई सम्झाउन ठूलो सङ्घर्ष गर्नुपऱ्यो, लोग्नेमान्छे देख्यो कि घुम्टोभित्र मुन्टो लुकाउँथे, तर तिनै महिला आज खोजी-खोजी अन्तर्क्रिया र बहस गर्दै अधिकार खोज्न थालेका छन् ।'

तराईका दलित बस्तीमा अझै पनि छुवाछूत र जातीय भेदभाव अन्त्य हुन सकेको छैन । भेदभाव अन्त्य गरी दलित समुदायलाई आयआर्जनमा अग्रसर गराउने प्रयास गर्दै आएको सरस्वती सामुदायिक विकास मञ्चले यहाँका दलित समुदायमा जनचेतना बढाउन सघाएको छ । संस्थाका टिमलिडर रामप्रसाद भट्टराई यसका लागि ५० भन्दा बढी दलित सहजकर्ता गाउँगाउँमा खटेको बताउँछन् ।

भेदभाव, थिचोमिचो, कुटपिट, यातनाविरुद्ध मुद्दा हाल्ने हिम्मत पनि यहाँका दलित महिलाले गर्न थालेका छन् । बचत समूह बनाएर दैनिक, मासिक बचत सुरु मात्रै भएको छैन, थुप्रै आयआर्जनका काम महिला आफैंले गरेका छन् । सबैभन्दा महत्वपूर्ण कुरा, उनीहरूको यो अभियानपछि गाउँमा विद्यमान जातीय छुवाछूत र भेदभावको प्रथा कम हुँदै गएको छ ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बढ्दैछन् महिला 'गाइड'

*पुरुषले मात्र गर्नुपर्छ भन्ने सोच रहेको पर्यटक गाइडको काम पोखराका महिलाले गर्न थालेका छन् । पहिलोपटक हात हालेको यो कामबाट उनीहरूले राम्रो कमाइ र मानसम्मान मात्रै पाएनन्, पर्यटकको मन जित्नसमेत सफल भएका छन् । पर्यटकको रोजाइमा महिला गाइड नै पर्नु र हरेक दिन बढ्दै गएको महिला गाइडको सङ्ख्याले त्यही पुष्टि गर्दछ ।*

**✍ बसन्ती बास्तोला**

**पोखरा**/ न धेरै जाडो न त गर्मी नै, ट्रेकिङ जाने रहर भएकालाई यो सबैभन्दा रमाइलो र उपयुक्त मौसम हो अनि ट्रेकिङ गाइडहरूका लागि चाहिँ खुसीको चाड । त्यसैले भर्खरै ट्रेकिङ गाइडमा पोख्त हुन थालेका पोखराका महिलालाई अहिले भ्याइनभ्याई छ ।

नेपालको सुन्दरता हेर्न आउने विदेशी पर्यटक मात्रै होइन, पोखरा हेर्न र घुम्न चाहने देशभित्रकै मान्छेको पनि घुइँचो लागेको छ, यतिखेर पोखरामा । नयाँ ठाउँ घुम्न जाँदा पथप्रदर्शक (गाइड) त पक्कै चाहिन्छ । पोखरामा अहिले ६० भन्दा बढी महिला नियमित रूपमा यस काममा लागेका छन् । ट्रेकिङ गाइडमा महिलाको राम्रो कामकै कारण हुनुपर्छ, पछिल्ला दिनमा पर्यटकले पनि पुरुषको तुलनामा महिला गाइडलाई नै बढी रुचाउन थालेका छन् । त्यही काम सम्हालेकी गाइड बिना थापा भन्छिन्, 'हाम्रो काम र मेहनतले महिला बढी इमान्दार हुन्छन् भन्ने छाप पर्यटकमा परेको छ, त्यसैले हो गाइडमा महिलाको माग बढेको ।'

बिना यसअघि कहिल्यै घरभन्दा टाढा घुम्न निस्केकी थिइनन्, गाइडको तालिमदेखि नै हो उनी घुम्न थालेको । अहिले घरबाट टाढा-टाढासम्म ट्रेकिङ जानु र गाइड गर्नु उनको दैनिकीजस्तै भइसक्यो । भन्छिन्, 'घुम्न पनि पाइन्छ, पैसा पनि राम्रै छ ।' गाइड बन्न खासै शैक्षिक योग्यता पनि चाहिन्न, साधारण अङ्ग्रेजी बोल्न र सामान्य लेखपढ गर्न जाने पुग्छ । त्यसैले गाइडमा महिलाको आकर्षण बढ्नु स्वाभाविक हो । तर, पोखरामा उच्च शिक्षा हासिल गरेका महिलाले पनि यो पेसा अङ्गालेका छन् । पृथ्वीनारायण क्याम्पसमा स्नातकोत्तर तह अध्ययनरत तमुना पुन त्यसैको उदाहरण हुन् । फुर्सदको समयको सदुपयोग हुने र कमाइ पनि राम्रै हुने भएकाले यो पेसा थालेको उनको भनाइ छ । भन्छिन्, 'पढेलेखेको मान्छे किन गाइड बनेको भनेर धेरैले जिस्क्याउँछन् । तर, मैले त्यसलाई पचाइसकें, गरेपछि कुनै काम ठूलो र सानो हुँदैन ।'

स्याङ्जाकी विष्णु मल्ललाई ट्रेकिङ गाइड बन्न मन भए पनि शारीरिक परिश्रम बढी गर्नुपर्ला भन्ने पीर

*कम्तीमा तीन दिनदेखि एक महिनासम्मको पदयात्रा गर्नुपर्छ । त्यसैले धेरैले महिला गाइड पनि हिँड्न सक्लान् र भनेर अहिले पनि विश्वास गर्दैनन् । तर, विदेशी पर्यटकको छनोट भने महिला गाइड नै हुने गरेको छ । नेपालीले महिलालाई विश्वास नगर्ने तर विदेशीले चाहिँ किन त ? तमुना भन्छिन्, 'शरीर स्वस्थ छ भने महिलाले पुरुषसरह काम गर्न नसक्ने भन्ने हुँदैन, फेरि धेरै गाइड त गाउँका र सङ्घर्षपूर्ण काम गर्ने स्वभावका छन् ।*

थियो । समाजशास्त्रमा स्नातक अध्ययनरत मल्ल अहिले गाइड गर्दाको थकान रमाइलोले मेटाउने गरेको अनुभव सुनाउँछिन् । 'सुरुका दिनमा त बाटो नचिनिने, बोल्न नजानेर पर्यटक रिसाउलान् कि भन्ने लाग्थ्यो,' भन्छिन्, 'काम गर्दै गएपछि आत्मविश्वास बढ्दै जाने रहेछ ।'

अन्यजस्तै यो पेसा पनि चुनौतीपूर्ण रहेको महिला गाइडहरूको अनुभव छ । कम्तीमा तीन दिनदेखि एक महिनासम्मको पदयात्रा गर्नुपर्छ । त्यसैले धेरैले महिला गाइड पनि हिँड्न सक्लान् र भनेर अहिले पनि विश्वास गर्दैनन् । तर, विदेशी पर्यटकको छनोट भने महिला गाइड नै हुने गरेको छ । नेपालीले महिलालाई विश्वास नगर्ने तर विदेशीले चाहिँ किन त ? तमुना भन्छिन्, 'शरीर स्वस्थ छ भने महिलाले पुरुषसरह काम गर्न नसक्ने भन्ने हुँदैन, फेरि धेरै गाइड त गाउँका र

*महिला गाइड बन्ने जोखिम लिने दिदीबहिनी भने लक्की, डिक्की र निक्की क्षेत्री हुन् । अहिले नेपालीमाझ मात्र होइन, विदेशीमाझ पनि श्री सिस्टर नामले चिनिन्छन् उनीहरू । महिलालाई व्यावसायिक गाइड तालिम दिने र काममा लगाउने पोखरा नै पहिलो ठाउँ भएको तीन दिदीबहिनीको दाबी छ । पदयात्रामा आउने विदेशी महिला पर्यटकलाई महिला गाइड नहुँदा समस्या भएको बुझेपछि यो पेसामा लाग्ने सोचाइ बनाएको लक्की बताउँछिन् ।*

सङ्घर्षपूर्ण काम गर्ने स्वभावका छन् । काममा इमानदार पनि भएकाले पर्यटकको पहिलो छनोटमा महिला नै पर्छन् ।' 'पदयात्रामा निस्कनुपर्दा खानेबस्ने समस्या पनि पर्छ, महिला भएकाले समस्या अझ बढी हुन्छ । पदयात्रीको चाप बढी भएर होटल नपाउँदा टेन्ट हाल्नुपर्ने हुन्छ, कहिले टेन्ट हाल्ने ठाउँ पनि पाइँदैन,' म्याग्दीकी चलु विश्वकर्मा भन्छिन्, 'यस्ता अप्ठ्यारा थुप्रै छन् तर भोग्दै गयो भने बिस्तारै हट्दै जान्छन् ।'

पदयात्रामा गाइड बनेर जाने महिलामाथि शारीरिक शोषण हुने गरेको चर्चा पनि चल्ने गर्छ । त्यसैले पनि परिवारका धेरैले महिला गाइड भएको रुचाउँदैनन् । तर, महिला गाइड स्वयम् भने यसलाई स्वीकार गर्दैनन् । 'महिला आफू सक्षम र आत्मनिर्भर छ भने शोषित हुने कुरै आउँदैन, त्यो आफूमा भर पर्छ,' चलु विक आफ्नो अनुभव सुनाउँछिन्, 'म कैयौंपटक पदयात्रामा पुगेर आइसकें, कहिल्यै त्यस्तो अनुभव भएन ।'

पुरुषको मात्र एकलौटी पेसा भनेर चिनिएको ट्रेकिङ गाइडमा महिलाले हात हालेको धेरै भएको छैन । एघार वर्षअघि तीन दिदीबहिनीले पहिलोपटक महिला गाइड बन्ने जोखिम मोलेका थिए । तर, त्यसले व्यावसायिक रूप लिन भने थप केही वर्ष लाग्यो । महिला गाइड बन्ने जोखिम लिने दिदीबहिनी भने लक्की, डिक्की र निक्की क्षेत्री हुन् । अहिले नेपालीमाझ मात्र होइन, विदेशीमाझ पनि *श्री सिस्टर* नामले चिनिन्छन् उनीहरू । महिलालाई व्यावसायिक गाइड तालिम दिने र काममा लगाउने पोखरा नै पहिलो ठाउँ भएको तीन दिदीबहिनीको दाबी छ । पदयात्रामा आउने विदेशी महिला पर्यटकलाई महिला गाइड नहुँदा समस्या भएको बुझेपछि यो पेसामा लाग्ने सोचाइ बनाएको लक्की बताउँछिन् । महिला गाइडलाई पर्यटकले रुचाउन थालेपछि बहिनीहरूको सहयोग लिएर उनले अरूलाई पनि गाइड तालिम दिन थालिन् । अहिले पोखरामा १८ देखि ४९ वर्षसम्मका ६० भन्दा बढी महिला गाइड उनीहरूले तयार पारिसके । तिनै गाइडको राम्रो कामको असरले नै होला, अहिले काठमाडौंबाट समेत महिला गाइडको माग हुन थालेको छ ।

श्री सिस्टरले सुरुमा पिछडिएका, दुःख पाएका र एकल महिलालाई गाइड तालिममा छान्ने गर्थे । तर, पढेलेखेका महिला पनि यो पेसामा आकर्षित भएपछि उनीहरू दङ्ग छन् । नयाँ ठाउँ घुम्न, विदेशी साथी बनाउन र विभिन्न संस्कृति बुझ्न पाइने भएकाले अध्ययनसँगै यो पेसा अङ्गालेको बताउँदै तमुना पुन भन्छिन्, 'घरभित्र सीमित रह्यो भने केही पनि सिकिँदैन, केही जान्न बाहिर निस्कनैपर्ने रहेछ ।'

मनाङकी मुना गुरुङले सात कक्षा पढ्दापढ्दै बिहे गरेकी थिइन् । बिहे भएको केही वर्षमै लोग्नेले अर्की स्वास्नी ल्याए । त्यसपछि पाँच वर्षकी छोरी च्यापेर पोखरा आएकी मुना भन्छिन्, 'अब लोग्नेको भरमा बाँच्नुपर्ने बाध्यता छैन, आफ्नै कमाइले राम्रोसँग गुजारा चलेको छ ।' अपरिचित मान्छे देख्दा बोल्न पनि लाज मान्ने यी महिलाले अब थुप्रै विदेशी साथीमात्रै बनाएका छैनन्, नयाँ-नयाँ ठाउँ र संस्कृतिको पनि ज्ञान पाइसके ।

भर्खरै जोमसोमको पदयात्रा सकेर आएका इंग्ल्यान्डका लार्सन दम्पतीले महिला गाइडको कामको तारिफ गर्दै भने, 'हामी धेरै खुसी छौं, उनीहरूको मेहनतले हाम्रो यात्रा सफल भयो ।'

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# घरेलु बालश्रमिकका पीडा उस्तै

*सुनसरीमा मात्र झन्डै आठ हजार बालश्रमिक छन् । उनीहरूले न पढ्ने अवसर पाएका छन् न त उचित पारिश्रमिक नै । पढ्नेलेख्ने बेला घरभित्रकै कामले किचिएकालाई घरेलु बालश्रमिकको पक्षमा लेखिएको कानुनले कसरी छोओस् त ? किनकि कानुन लागू भएकै छैन ।*

✍ **सुमित्रा अन्जान राई**

**सुनसरी**/ धरान पुतली लाइनकी १४ वर्षीया सीता राई आफ्नो घरमा छैनन् । सानै उमेरमा अर्काको घरमा काम गर्न बसिन् । अहिले उनी घरमा आएका पाहुनालाई पकाएर खुवाउन व्यस्त हुन्छिन् । घरवाली दिदीले अह्राएअनुसार काम गर्नुपर्छ । लगातार काममा पेलिँदा शरीर थाकेको हुन्छ । उल्टो हँसिलो अनुहार नभएको भनेर घरमालिकबाट बारम्बार कुटाइ खाइरहन्छिन् उनी । यसरी मालिक्नीको कुटाइ र गाली खानु अब उनका लागि सामान्य दैनिकी बनिसकेको छ । उनको जन्मघर धरान सावने बस्तीमा पर्छ ।

१२ वर्षको उमेरदेखि नै उनी घरेलु कामदार बनेकी हुन् । घरको आर्थिक स्थिति कमजोर भएकाले उनलाई आफन्तले पढाउने सर्तमा राखेका हुन् । धन्य, उनी स्थानीय पञ्चायत माविमा ६ कक्षामा पढ्नसम्म पाएकी छिन् । तर, पूरै दिन स्कुल जान भने पाउँदिनन् । हप्तामा ४ दिन मात्र स्कुल जान्छिन् ।

उनी घरका कोही सदस्य नउठ्दै बिहान ५ बजे उठिसकेकी हुन्छिन् । कुखुराको डाकसँगै घरको सफाइबाट उनको दैनिकी सुरु हुन्छ । अनि चिया बनाएर ओछ्यानमै पुर्‍याउँछिन् । फूलमा पानी हाल्छिन् । खाना पकाएर सबैलाई दिन्छिन् । सबै भाँडाकुँडा माझ्छिन् । घरमालिक्नीको लुगामा आइरन लगाइदिन्छिन् । घरका ६ जना परिवारको लुगा धुन्छिन् । किनमेल गर्न बजार जान्छिन् । बेलुका ९ बजे मात्र काम सक्छिन् । 'बिहानदेखि नै कामले फुर्सद हुँदैन, घरमा पढ्ने त रहरजस्तै हुन्छ,' आफ्नो दैनिकी सुनाउँदै उनले भनिन्, 'कसरी पास हुने स्कुलमा ?'

आफ्नो मान्छेको घरमा बस्दा भविष्य राम्रो हुन्छ भनेर सीतालाई उनका आमाबाबाले पठाएका हुन् । उनी भन्छिन्, 'बाबाआमाले भनेजस्तो खै कसरी भविष्य राम्रो होला र । आमा भेट्न आउँदा ठिक्क पार्छन् मीठो बोल्छन्, त्यसपछि उस्तै काम गर्नुपर्छ ।' उनका घरमा चार भाइबहिनी छन् । घर जान चाहन्छिन् तर आमाले ठूलो घरमा बसे ठूलै भइन्छ भनेर घर आउन नदिएको उनले बताइन् ।

*आफ्नो मान्छेको घरमा बस्दा भविष्य राम्रो हुन्छ भनेर सीतालाई उनका आमाबाबाले पठाएका हुन् । उनी भन्छिन्, 'बाबाआमाले भनेजस्तो खै कसरी भविष्य राम्रो होला र । आमा भेट्न आउँदा ठिक्क पार्छन् मीठो बोल्छन्, त्यसपछि उस्तै काम गर्नुपर्छ ।'*

सीताजस्ता हजारौं घरेलु बालश्रमिकको पीडा योभन्दा फरक छैन । एकातिर जोखिम श्रममा बालबालिका छन् । अर्कोतर्फ श्रम गरे पनि उचित पारिश्रमिक पाउन सकेका छैनन् । ममता पाउने त कुरै भएन ।

शान्तिपथस्थित वीरेन्द्र श्रेष्ठको घरमा बस्ने झापा गौरीगञ्जकी १३ वर्षीया शान्ति गहतराज हुन् या सन्ध्यादेवीको दाइजोसँगै झापाबाट धरान आएका १२ वर्षीय राम यादव, दुवैको पीडा केही फरक छैन । उता माइज्यूकोमा बसेर पढ्ने उद्देश्यले भोजपुरबाट इटहरी आएकी १३ वर्षीया सविता राईलाई आफू घरेलु बालश्रमिक भएको अझै पत्तो छैन । धरान अमरहाट बस्ने रमा तामाङको एक वर्षको बच्चा हेर्न बसेकी ९ वर्षीया विमला राई सकिनसकी घरको काम गर्छिन् । आर्थिक अभाव र गरिबीका कारण नै उनीजस्ता हजारौं बालबालिका घरेलु कामदार बन्न पुगिरहेका छन् ।

त्यसो त कतिपय बालश्रमिकले पारिश्रमिक पनि पाउँदैनन् । बालश्रमिकमध्ये धेरैको मासिक तलब एक सयदेखि तीन सयसम्म मात्र छ । उक्त पारिश्रमिक पनि उनीहरूले आफैं सदुपयोग गर्न पाएका छैनन् ।

घरेलु बालश्रमिक विमला राई भन्छिन्, 'मैले मेरो ज्याला पाउनुभन्दा अगाडि आमाले आएर लैजानुहुन्छ ।' स्कुल जाने, पढ्ने, ज्ञानगुनका कुरा सिक्ने उमेरमा अर्काको घरमा बस्नुपर्दा हजारौं बालबालिकाले बचपनको

*घरेलु कामदारको रूपमा रहँदा बालबालिका अधिकारबाट बन्चित मात्रै छैनन् जोखिम कामका कारण खतरामा समेत परिरहेका छन् । अशिक्षित र विपन्न परिवारका बालबालिका घरेलु कामदारको रूपमा बढिरहेको बालअधिकारका क्षेत्रमा काम गर्ने संस्था उप्काले जनाएको छ । राज्य पक्ष, नागरिक समाज र परिवार सबैले आफ्नो दायित्व नबुझ्दा घरेलु कामदारमा बालबालिकाको सङ्ख्या घट्दो होइन, बढ्दो देखिन्छ ।*

अनुभव गर्न पाएका छैनन् । कलिलो उमेरमा उनीहरू अर्काको घरमा नोकरी गरिरहेका छन् । यस्ता बालबालिकाको सङ्ख्या दिनदिनै बढिरहेको छ । आफ्नो शारीरिक क्षमताले भ्याउनेभन्दा बढी श्रम गर्नुपर्दा उनीहरूमा मानसिक रूपमा असरसमेत पर्ने गरेको छ । उमेर नपुग्दै परिपक्व हुन पुगेको महसुस गर्दा उनीहरूमा बालसुलभता हराउँदै गएको छ ।

कानुनअनुसार घरेलु कामदारको रूपमा कुनै पनि बालबालिकालाई राख्न पाइँदैन । काम लगाउँदा सीपमूलक, जीवनोपयोगी तालिममा मात्र सहभागी गराउन पाइने जिल्ला बाल कल्याण समितिका अध्यक्ष प्रेमनारायण शर्मा बताउँछन् । घरेलु कामदारको भविष्य बनाउन नसक्दा भोलि समाजमा विकृति आउने उनको दाबी छ । उनी आफैं राज्यको जिम्मेदार पदमा बसे पनि भन्छन्, 'राज्यले अनुगमन नगर्ने र श्रमिक बालबालिकाले उजुरी गर्ने ठाउँ नहुँदा घरेलु कामदारको सङ्ख्या बढिरहेको छ । कानुन छ तर लागू छैन ।'

बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ मा १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काम लगाउन नपाइने व्यवस्था छ । त्यस्तै १४ वर्षमाथिका बालबालिकालाई काममा लगाउन सकिने भए पनि जोखिमरहित क्षेत्रमा मात्रै लगाउने सकिन प्रावधान कानुनमा छ । १४ वर्षमाथिका बालबालिकालाई बालश्रमिकको रूपमा राख्दा अभिभावकको स्वीकृति लिएर उचित पारिश्रमिक दिनुपर्ने भनिएको छ । त्यस्तै सुविधा, स्वास्थ्य र सुरक्षाको व्यवस्था हुनुपर्ने, लगातार ३ घन्टाको कामपछि आधा घन्टा आराम दिनुपर्ने, हप्तामा एक दिन बिदा र बिदाको ज्याला पाउनुपर्ने उल्लेख छ ।

तर, व्यवहारमा कसैले यसको कार्यान्वयन गरेका छैनन् । घरेलु बालश्रमिक सुनसरीमा मात्र आठ हजारको हाराहारीमा रहेको उप्का नेपालका कार्यकारी संयोजक नरप्रसाद लिम्बू बताउँछन् । तर, आधिकारिक रूपमा कुनै सङ्घसंस्था वा सरकारले अहिलेसम्म यकिन तथ्याङ्क लिएका छैनन् । आर्थिक अवस्था कमजोर भएपछि अभिभावकले सन्तानका लागि आधारभूत आवश्यकता पूरा गर्न नसक्दा घरेलु बालश्रमिकको सङ्ख्या बढिरहेको छ ।

घरेलु कामदारको रूपमा रहँदा बालबालिका अधिकारबाट बन्चित मात्रै छैनन् जोखिम कामका कारण खतरामा समेत परिरहेका छन् । अशिक्षित र विपन्न परिवारका बालबालिका घरेलु कामदारको रूपमा बढिरहेको बालअधिकारका क्षेत्रमा काम गर्ने संस्था उप्काले जनाएको छ । राज्य पक्ष, नागरिक समाज र परिवार सबैले आफ्नो दायित्व नबुझ्दा घरेलु कामदारमा बालबालिकाको सङ्ख्या घट्दो होइन, बढ्दो देखिन्छ ।

'राज्यले अनुमगन गरेर जोखिममा काम गरिरहेका र शोषणमा परेका बालबालिकालाई उद्धार गरी उचित पारिश्रमिकको व्यवस्था गर्न सक्नुपर्छ,' बाल कल्याण समितिका अध्यक्ष शर्मा भन्छन्, 'बालश्रम मुक्त गर्न नसके पनि अनिवार्य निःशुल्क शिक्षा दिन सकेमात्र पनि कमसम्म गर्न सकिन्छ ।' त्यसका लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्था र निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने उनी बताउँछन् ।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५०००१८१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np
nirmalajee@yahoo.com

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिका, मानवअधिकार, सुशासन, शिक्षा, द्वन्द्वलगायतका सामाजिक विषयसम्बन्धी फिचर तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसैगरी हाम्रो लेखमालामार्फत 'फिचर लेखन' मा पत्रकार महिलाहरूको गुणात्मक तथा संख्यात्मक वृद्धि गर्ने हाम्रो उद्देश्यमा तपाईंहरूको पूर्ण सहयोगको अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

**सञ्चारिका समूह**